**<u>'राष्ट्रसेवक' मृत्यु दाबी भुक्तानीका लागि आवश्यक कागजातहरुः</u>**

१. दाबी फछ्र्यौट पूर्जाः यो फाराम राष्ट्रिय बीमा संस्थानमा र संस्थानको वेभसाईटमा पाईन्छ । दावीकर्ता/ हकवालाले फाराम भरेर दस्तखत गरी साक्षी समेत राख्नुपर्नेछ ।

२. कार्यालयको पत्रः कर्मचारी कार्यरत संस्थाले <u>राष्ट्रिय बीमा संस्थानलाई</u> मृतक कर्मचारीको मृत्यु दाबी भुक्तानीको लागि पत्र लेख्नुपर्नेछ ।उक्त पत्रमा कर्मचारीको मृत्यु कुन मितिमा, कहाँ (घर वा अस्पताल वा अन्य), के कारणले र कहिले (कार्यरत अवस्थामा वा राजिनामा/ अवकाश पछि) भएको उल्लेख गर्नुपर्नेछ । साथै उक्त पत्रमा <u>कसलाई दावी भुक्तानी</u> दिनुपर्ने हो सो समेत उल्लेख भएको हुनुपर्नेछ । **मृत्यु दावी भुक्तानी लिन आउँदा कार्यालयको पत्र सक्कल पेश गर्नुपर्नेछ ।**

३. अनुसुचि ३ फारामः यो फाराम राष्ट्रिय बीमा संस्थानमा र संस्थानको वेभसाईटमा पाईन्छ । यो फाराम कर्मचारी कार्यरत संस्थाले भर्नुपर्नेछ ।कर्मचारी कार्यरत संस्थाको आधिकारिक व्यक्तिले विवरण भरि दस्तखत गरि कार्यालयको छाप लगाई पठाउनुपर्नेछ ।

- बीमा अन्तिम मितिले मृत्यु मितिलाई जनाउँछ ।
- बीमालेख नं निजामति कर्मचारी-१००१, शिक्षक-१००२, नेपाली सेना-१००३, नेपाल प्रहरी-१००४ र शसस्त्र प्रहरी- १००५
- बीमा शुरु मिति र बीमा सदस्य नं... कागजात पेश गरेपश्चात राष्ट्रिय बीमा संस्थानद्धारा भरिनेछ।

४. मृत्युको कारणको पत्रः कालगतिले मृत्यु भएको अवस्थामा कार्यालयको पत्रमा वा वडाको सिफारिस पत्र खुलाउनुपर्ने, अस्पतालमा उपचारको क्रममा मृत्यु भएको अवस्थामा अस्पतालले दिएको Death Certificate को प्रतिलिपि पेश गर्नुपर्ने ।

५. दुर्घटनाबाट मृत्यु भएमा मृत्युको कारण सम्बन्धमा सरकारी चिकित्सकद्धारा गरिएको शव परीक्षण प्रतिवेदन, सदगद पूर्ज़ी र सो नभए प्रहरी प्रतिवेदन अनिवार्य राख्नुपर्ने ।

६. कर्मचारीको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

७. मृतकसँगको मृत्युपश्चातको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि ।

८. मृतक कर्मचारीको नागरीकता प्रमाणपत्रको प्रतिलिपि ।

९. मृतकको हकवालाको नागरीकता प्रमाणपत्रको प्रतिलिपि ।

१०.दाबीकर्ता श्रीमती भएमा वडा कार्यालयले एकमात्र श्रीमती प्रमाणित गरी सिफारिस गरिएको प्रतिलिपि ।

११. नागरिक लगानी कोषको <u>सक्कल</u> पत्र ।

१२. मृतक र हकवालाको नाम थर कुनै कागजातमा फरक परेमा वडा कार्यालयको प्रमाणित सिफारिस ।

**नोटः** उपरोक्त सम्बन्धमा पेश गरेका सम्पूर्ण प्रतिलिपिहरु सम्बन्धित कार्यालयबाट प्रमाणित गराउनुपर्नेछ।